# भाषाशिक्षणका सन्दर्भमा भाषिक परीक्षणमा हुनुपर्ने गुणहरू

**ओमप्रकाश आचार्य**
उपप्राध्यापक
त्रिभुवन विश्वविद्यालय
Email: omacharya3851@gmail.com
https://orcid.org/0009-0000-4362-5156

Corresponding Author
ओमप्रकाश आचार्य
Email: omacharya3851@gmail.com

Funding: This research received no specific grant from any funding agency in the Public, commercial, or not-for-profit sectors.
Copyright: © 2024 The Author(s). This work is licensed under a Creative Commons Attribution 4.0 International License.
With the license CC-BY, authors retain the copyright, allowing anyone to download, reuse, re-print, modify, distribute, and/or copy their contribution. The work must be properly attributed to its author.

**लेखसार**

*भाषा शिक्षण सिकाइ पश्चात भाषिक परीक्षण हुनेगर्दछ । परीक्षण परीक्षासँग सम्बन्धित हुन्छ । परीक्षा आधिकारिक, उचचस्तरीय, विश्वासिलो हुनुपर्छ । यसका लागि परीक्षण उद्देश्यपूर्ण वास्तविक परीक्षण भयो कि भएन भन्ने सम्बन्धमा त्यसको विधि प्रक्रियाका आधारमा प्रभावकारिताको खोजी गरिन्छ । भाषिक परीक्षणमा हुनुपर्ने गुणहरु के के हुन् ? यसका विशेषताले परीक्षणको स्थान कहाँनिर राख्दछ ? भन्ने जिज्ञासामा आधारित भएर भाषा शिक्षण सिकाइमा भाषिक परीक्षण के हो ? यसका गुणहरु के के छन् ? भन्ने सम्बन्धमा अनुसन्धान कार्य गरिएको छ । अनुसन्धानको सैद्धान्तिक आधार परीक्षण सिद्धान्त रहेको छ भने स्रोत सामग्रीहरु द्वितीय स्रोतका रहेका छन् । पुस्तकालय अध्ययन पद्धति रहेको यसलेखमा वर्णनात्मक विवरणात्मक र व्याख्यात्मक प्रक्रियाबाट प्राप्त तथ्याङ्कको व्याख्या विश्लेषण गरिएको छ । प्रस्तुत अनुसन्धान पश्चात भाषिक परीक्षणमा अनिवार्य र आवश्यक महत्वपूर्ण गुणहरुमा वैधता, विश्वसनीयता, व्यावहारिकता र विभेदकारिता रहेका हुन्छन् । उद्देश्य अनुरुपको परीक्षण कार्य हुनु वैध हो । यो ठोस विशुद्ध र प्रतिनिधिमूलक हुन्छ । मुख्यतः परीक्षाका आन्तरिक र वाह्य विधान वैधतामा पर्दछन् । आन्तरिक वैधता, विषयगत वैधता, समवर्ती वैधता, रचनात्मक वैधता, अनुमानात्मक वैधता, मानदण्डात्मक वैधता वैधताका प्रकार हुन्छन् भने भाषा शिक्षणका सिलसिलामा भाषिक परीक्षणमा विश्वसनीयता, व्यावहारिकता र विभेदकारिताको थप महत्वपूर्ण भूमिका हुन्छ । परीक्षणको मापनमा हुने एकरुपता नै परीक्षणको मूल विश्वसनीयता हो । यो परीक्षण अनिवार्य हुनुपर्छ । वैधतालाई वास्तविक र ठोस निष्कर्षमा पुर्‍याउन अपेक्षित उद्देश्य प्राप्त गर्न विश्वसनीयताको अहम् भूमिका हुन्छ । सुसञ्चालनका लागि स्पष्ट अग्रगामी परीक्षण हुनु प्रभावकारिता हो । परीक्षणमा सुगमता सरलता विश्लेषणात्मकता नै व्यावहारिकता हो । भाषिक परीक्षणको महत्वपूर्ण अर्को विशेषता विभेदकारिता हो । विभिन्न क्षमता स्तर उपलब्धी मापन गर्ने विशेषता बोकेको परीक्षण हो । क्षमता तह स्तर उमेर ज्ञान पृष्भूमिका आधारमा परीक्षण रहनु परीक्षणको विभेदकारिताको विशेषता हो । भाषिक परीक्षणमा हुनुपर्ने गुण यसका विशेषताले उद्देश्यअनुरुपको परीक्षण मापन र मूल्याङ्कन मद्दत गर्दछ ।*

**मुख्य शब्दावली:** *वैधता, मानदण्डात्मकता, विश्वसनीयता, व्यावहारिकता, विभेदकारिता ।*

## पृष्ठभूमि

भाषा शिक्षण भाषिक सीपको शिक्षण सिकाइ भएकाले भाषिक परीक्षण भाषिक सीपमा आधारित हुनुपर्छ । भाषिक परीक्षण भाषा शिक्षण सिकाइ सम्बद्ध भएर हुदाँ यसमा के कस्ता

DOI: https://doi.org/10.3126/depan.v7i1.89122

**How to cite this article (APA):** Acharya, O. P. (2025). भाषाशिक्षणका सन्दर्भमा भाषिक परीक्षणमा हुनुपर्ने गुणहरु. *DEPAN, 7*(1), 109-113.

अनिवार्य र आवश्यक कुराहरु हुनुपर्छ जसले गर्दा उद्देश्यपरक परीक्षण हुनसक्छ भन्ने सम्बन्धमा रहेको जिज्ञासा अनुसन्धानात्मक प्रश्न नै यस अनुसन्धानको मुख्य उद्देश्य हो । प्रभावकारी भाषिक परीक्षणमा हुनुपर्ने विशेषता अर्थात् त्यसका गुणहरुका सम्बन्धमा गरिएको अध्ययनले भाषा शिक्षण सिकाइका सन्दर्भमा भाषिक परीक्षण गर्दा ध्यानदिनुपर्ने कुराहरु परीक्षणमा हुनुपर्ने गुणहरु हुन् । यस्ता गुणहरुको खोज विश्लेषण र भाषिक परीक्षणमा आवश्यक गुणहरुका सम्बन्धमा निष्कर्ष निकाल्नु आवश्यक भएकाले यस अध्ययनमा भाषा शिक्षणका सन्दर्भमा भाषिक परीक्षणमा हुनुपर्ने गुणका सम्बन्धमा अध्ययन गरिएको छ ।

## अध्ययनको उद्देश्य

यस अध्ययनको मुख्य उद्देश्य भाषा शिक्षणका सन्दर्भमा भाषिक परीक्षणमा हुनुपर्ने गुणका सम्बन्धमा अध्ययन गर्नु हो । अनिवार्य आवश्यक महत्वपूर्ण गुणहरुलाई नै भाषिक परीक्षणका मुख्य गुणहरु मानिन्छन् यस्ता गुणहरुका सम्बन्धमा अध्ययन विश्लेषण गर्नु यस अध्ययनको मुख्य उद्देश्य हो ।

## अध्ययन विधि

यो गुणात्मक ढाँचाको अध्ययन हो । द्वितीय स्रोत सामग्री संकलनको स्रोत हो भने अध्ययन पद्धति पुस्तकालय हो । भाषा शिक्षण भाषिक परीक्षणका सम्बन्धमा उल्लिखित सिद्धान्त प्रयोग अभ्यास नै यसका मुख्य साधनहरु हुन् । वर्णनात्मक विवरणात्मक प्रक्रियाबाट व्याख्या विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

## अध्ययनको विश्लेषण

### *छलफल/परिणाम*

### *भाषिक परीक्षणका गुण*

भाषिक परीक्षणमा आवश्यक गुण, विशेषता हुनु आवश्यक छ । उत्कृष्ट परीक्षणका उद्देश्यपूर्ण, विधि प्रक्रियाबद्ध हुनुपर्छ । भाषिक परीक्षणलाई उद्देश्यपूर्ण बनाउने, सवल, वैध विश्वसनीय बनाउने कुरामा यसमा रहेका केही महत्वपूर्ण पक्षहरू हुन्छन् । एक असल परीक्षाका लागि उच्चस्तरीय गुण र विशेषताहरु प्रदर्शित हुनु वा पालन गरिनु आवश्यक मानिन्छ (पौडेल,२०७० : ३७) । त्यस्ता आवश्यक महत्वपूर्ण पक्षहरू नै असल, उत्कृष्ट भाषिक परीक्षणका गुणहरू हुन्छन् । त्यस्ता भाषिक परीक्षणका गुणहरूमा वैधता, विश्वसनीयता, व्यावहारिकता र विभेदकारिता नै मानिन्छन् ।

### *वैधता*

उद्देश्य अनुरुपको मापन हुनु भनेको वैधता हो । जुन उद्देश्यले परीक्षा सञ्चालन गरिएको हुन्छ सोही अनुरुप विशुद्ध, ठोस र प्रतिनिधिमूलक रूपमा सुसूचित गर्ने परीक्षाको महत्वपूर्ण गुण नै वैधता हो (खनिया, सन् २००५ः ९४) । परीक्षण गर्न खोजिएको पक्ष त्रुटिरहित ढङ्गबाट परीक्षण हुनु वैधता हो । पाठ्यक्रमले निर्देश गरे अनुसार नियमसङ्गत रूपमा वैधानिक तवरले गरिने भाषिक परीक्षण वैध मानिन्छ । शिक्षण सिकाइका सन्दर्भमा उत्प्रेरित गर्ने, विषयवस्तुलाई स्पष्टसँग उल्लेख गर्न सक्ने, विषय केन्द्रित उत्तरको अपेक्षा गर्ने स्तरयुक्त अङ्कन प्रणाली अवलम्बन गर्ने, परीक्षण मूल्याङ्कन प्रणाली अनुरूप नतिजा प्रकाशन हुनु नेपाली भाषा शिक्षणका सन्दर्भमा वर्तमान अवस्थामा वैधताका रूपमा लिइन्छ । वैधतामा आन्तरिकता र बाह्य विधान हुनेगर्दछ । यिनै वैधताका पक्ष नै प्रकारका रूपमा रहने गर्दछन् । वैधताका प्रकारहरू यसप्रकार छन् ः

### *आकृतिगत वैधता*

यो परीक्षणको वाह्य वैध रूप हो । परीक्षणका सूत्रहरूमा सूचकात्मक गुणहरू भएको र विद्यार्थीहरूका लागि वास्तविक परीक्षणको विश्वास दिलाउने प्रकृतिको वैधता आकृतिगत वैधता हो । कतिपय विद्वान्हरूले यसलाई वैधता भित्रको आवश्यक पक्ष नभएको पनि मानेका छन् । तर परीक्षणका सन्दर्भमा वैधताको आभासको प्रत्याभूतिमा यसप्रकारको वैधताको ठूलो भूमिका रहन्छ । यसले भाषिक परीक्षणलाई वास्तविक परीक्षणमा उभ्याउने त्यसको गुण, व्यवहारको रुप दिने वैधताको प्रकार हो । परीक्षण कार्य प्रकार्यप्रतिको वैधतानुभूतिको लागि पनि यसप्रकारको महत्व उच्च रहन्छ । यस्तो गुणयुक्त परीक्षण प्रभावकारी मानिन्छ ।

### *विषयगत वैधता*

विषयका उद्देश्य परिपूर्ती गर्ने उद्देश्यले परीक्षण साधन र सामग्रीहरू निर्माण गर्दा वैधानिक आधारका साथ परीक्षण कार्य गर्नु विषयगत वैधता हो । भाषापाठ्यांशका उद्देश्यगत उपलब्धिहरुको प्रतिनिधिमूलक जाँच गर्ने उपयुक्तता र व्यापकताका रुपमा विषयगत वैधतालाई लिइन्छ (पौडेल,२०७० : ३९) । यस्तो वैधताले भाषा पाठ्यक्रममा निर्दिष्ट उद्देश्यको उपलब्धिलाई लक्षित गरी विषयवस्तुको उपयुक्तता र व्यापकतालाई ख्याल गरी विषयवस्तु अभ्यास र उपलब्धि स्तर हुने गरी विधि प्रविधि स्रोत साधनका सहायताबाट विषयगत वैधता प्रस्तुत हुनेगर्दछ । यसका लागि परीक्षण योजना, विशिष्टीकरण तालिका निर्माणमा विशेष ध्यान दिनुपर्दछ ।

### *समवर्ती वैधता*

समवर्ती वैधता भन्नाले योजना सहितको तयारी परीक्षा र ठीक त्यस्तै नजिकको अर्को कुनै परीक्षाको स्तरीयतालाई ध्यानमा र ाखेर तुलनात्मक रूपमा वैधता कायम गर्ने वैधताको प्रकार समवर्ती वैधता हो । यसमा निर्मित भएको परीक्षण विधि प्रक्रियाको पूर्व स्थापित स्तरीय शिक्षकहरूद्वारा तयार गरिएको वा समान स्तरको प्रचलित स्तरीय परीक्षण प्रणालीबीच एकरूपता समानता र वैधताको तुलनात्मक रुपमा समान ढङ्गले तयार पारी समवर्ती बैधता हेरिन्छ । यसबाट स्तरीय वैधता कायम गर्न मद्दत पुग्दछ ।

### *रचनात्मक वैधता*

रचनात्मक वैधता भनेको सम्बद्ध विषयवस्तुको ज्ञान र सीपको परीक्षणबाट विद्यार्थीको भित्री भावना क्षमता र प्रवृत्तिको समेत परीक्षण गर्न सकिने परीक्षणको वैधता हो । परीक्षण विधि प्रविधिमा बोधात्मकता, सिकारूको अन्तर्निहित तार्किक, बौद्धिक सांवेगिक, सामाजिक, मौलिक पक्षको समेटिएको परीक्षण आधार वैधयुक्त मानिन्छ । यसबाट साधारणतया सैद्धान्तिक र प्रायोगिक समस्यामूलक प्रश्नावलीका माध्यमबाट वैधताको मापन सहित प्रयोग गरिन्छ । यसरी परीक्षण सामग्री साधन विधि, प्रविधिमा रचनात्मकताको आधार सहित तयार भएको छ भनेर परीक्षणमा रचनात्मक वैधताको खोजी गरिन्छ । वैधमा रहेको महत्वपूर्ण प्रभावकारी गुण भएको वैधता र चनात्मक वैधता हो । यो परीक्षणमा हुनुपर्ने गुण हो ।

### *अनुमानात्मक वैधता*

परीक्षणमा हुनुपर्ने अर्को महत्वपूर्ण गुण अनुमानात्मकता हो । यसमा कुनै पनि परीक्षणले वर्तमान अवस्थामा विद्यार्थीको योग्यता क्षमताको मात्र परीक्षण नगरी भावी योग्यता र क्षमताको पनि पूर्वानुमानसहितको वैधता अनुमानात्मक वैधता हो । विद्यार्थीको एक पटकको सिकाइलाई मात्र नहेरेर पहिले देखिको सिकाइ उसको योग्यता क्षमतालाई परीक्षण गरी त्यसका आधारमा भावी योग्यता क्षमताको अनुमान तुलनात्मक रूपमा गरिनु यसप्रकारको वैधताको गुण हो । विषयगत, रचनात्मक, मापनात्मक वैधताका आधारमा यस वैधताले सुझाव समेत दिने गर्दछ । विद्यार्थीको विषय क्षेत्रगत दक्षताको पूर्वानुमानसहित भावी शिक्षण प्रशिक्षण र निदानात्मकतामा अनुमानात्मक वैधता महत्वपूर्ण हुन्छ । विद्यार्थीको भाषिक क्षमता, उसको उपलब्धि, सिकाइ स्तरका आधार गरिने शिक्षण सिकाइ क्रियाकलाप, अभ्यासात्मक कार्यकलाप तय गर्न मद्दत पुग्दछ ।

### *मानदण्डात्मक वैधता*

कुनै पनि विषय क्षेत्रको निश्चित कक्षा, तह र समूहमा विषयवस्तुको शिक्षण पछि लिइने परीक्षणका आधारमा उद्देश्य अपेक्षा अनुसार उपलब्ध हासिल भयो भएन, भए कुन स्तरमा भयो त्यसको गुणका आधारमा वैधता कायम हुनु मानदण्डात्मक वैधता हो । विषयगत, रचनात्मक, समवर्ती र अनुमानात्मक वैधताको लेखाजोखाका आधारमा भाषा शिक्षण सिकाइ पाठ्यांशका उद्देश्य अनुसार भएको र त्यसको परीक्षण पनि वैधतापूर्वक गरिएको आधारबाट मानदण्डात्मक वैधताको हुन्छ ।

भाषिक परीक्षणमा वैधता अनिवार्य आवश्यक परीक्षणीय गुण हो । वैधताभित्र परीक्षण उद्देश्य साधन वातावरणले भिन्न परीक्षण वैधता कायम हुन जान्छ । परीक्षण समग्र भाषिक शिक्षण सिकाइको मूल्याङ्कन आधार भएकाले वैध परीक्षणले मात्र प्रभावकारी मूल्याङ्कन गर्न मद्दत गर्दछ । त्यसैले परीक्षणमा वैधता हुनु जरुरी हुन्छ ।

### *विश्वसनीयता*

परीक्षणको अर्को महत्वपूर्ण गुण भनेको विश्वसनीयता हो । परीक्षणको वैधतालाई सुनिश्चित गर्ने आधार विश्वसनीयता हो । परीक्षणमा विश्वसनीयताले यस्तो अर्थ राख्छ परीक्षण भइसकेपछि समग्र मूल्याङ्कनमा जसरी पनि, जुन माध्यमबाट गरेपनि, जे गरे पनि एउटै परिणाम आउँछ भने वैध भएको र विश्वसनीय छ भन्ने आधार हुन्छ । यो साङ्ख्यिकीय हुन्छ । यो दुई पद्धतिबाट निर्धारित

हुन्छ । एउटा परीक्षार्थी सम्बन्धी विश्वसनीयता र अर्को परीक्षक सम्बन्धी । परीक्षार्थी सम्वन्धी विश्वसनीयताले उनीहरूको दक्षताको मूल्याङ्कन गर्ने सूचना कतिको भरपर्दो छ भन्ने हेर्छ भने परीक्षक सम्बन्धी विश्वसनीयताले परीक्षार्थीको दक्षतालाई परीक्षकबाट कतिको सङ्गतिपूर्ण अङ्कन वा मापन भएको छ भन्ने कुरा हेरिन्छ । मापनमा देखिने एकरुपताको गुण नै विश्वसनीयताको गुण हो (पौडेल, २०७० : ४१) । परीक्षण विश्वसनीयता मापनका विधिहरू पनि छन् : अर्धविभाजन, समानान्तर कुडर, रिचर्डसन विधि र कर्नव्याक अल्फा । यी सबै मार्फत भाषिक परीक्षामा विश्वसनीयताको खोजी गरिन्छ । विश्वसनीयतामा मुख्य गरी परीक्षण, पुनः परीक्षण विधि, समानान्तर बनोट परीक्षण विधि प्रयोग हुने गरेको पाइन्छ । एउटै परीक्षण सामग्रीबाट कुनै दुई परीक्षणबाट प्राप्त सूचनाको तुलनात्मक अध्ययनबाट सहसम्बन्धात्मक गुणाङ्क पत्ता लगाई उच्च सहसम्बन्धको आधारमा विश्वसनीयता मानिने परीक्षण पुनः परीक्षण विधि हो । सहसम्बन्धको गुणाङ्कका आधारमा उच्च सहसम्बन्ध रहने विधि समानान्नतर बनोट परीक्षण विधि हो । फरक फरक समूहमा फरक फरक समयमा परीक्षण गर्दा आएको सङ्गतिपरक सूचनामा उच्चता र न्यूनताको माप गर्ने विधि अन्तरसङ्गतिमूलक विधि हो । यसरी विश्वसनीयतालाई प्रभाव पार्ने विभिन्न तत्वहरू पनि छन् । प्रश्न परिक्षणीय विधि, प्रविधिले विश्वसनीयता उच्च र न्यून हुने गर्दछ । विभेदीकरण क्षमता भएको परीक्षणमा पनि विश्वसनीयता उच्च र न्यून रहन्छ । समय सीमाका आधारमा पनि विश्वसनीयता कायम हुन्छ । छनोट विकल्पका आधारमा पनि विश्वसनीयता उच्च र न्यून हुन्छ । यस्ता विविध तत्वका आधारमा परीक्षणमा उच्च र न्यून रहने निर्धारण हुन्छ । यसरी परीक्षणलाई प्रमाणिक आधिकारिक हुन वैधता र विश्वसनीयताको यथेष्ट भूमिका हुन्छ । वैध परीक्षण प्रणालीबाट नै उच्च विश्वसनीयता प्राप्त गर्दछ, भाषिक परीक्षणले/भाषिक परीक्षणमा विश्वसनीयताको अनिवार्य र महत्वपूर्ण भूमिका हुन्छ ।

### *व्यावहारिकता*

परीक्षणमा व्यावहारिकता अझ महत्वपूर्ण गुण मानिन्छ । परीक्षण संचालन स्पष्ट किसिमको हुनुपर्छ त्यो नै व्यावहारिक हो (हिटा सन् १९७५) । सर्वत्र उपयोगी हुनेगरी परीक्षण प्रशासन र अङ्कनमा व्यावहारिक हुनुपर्छ । व्यावहारिकताको उपयोग असहज पनि हुन सक्छ तर त्यसमा सजग रहनुपर्छ । यसका लागि सर्वप्रथम व्यावहारिकता उपयोग गर्ने परीक्षण कार्य संचालकले उपयुक्त परिवेश निर्माण विशेष ध्यान दिनुपर्छ । यसका उपयुक्त वातावरण, मानवीय स्रोत, सामग्री स्रोत समयलाई बढी प्राथमिकतामा राख्नुपर्ने हुन्छ । व्यावहारिकता भनेको परीक्षा संचालनमा सुगमता, समय, सापेक्षता, किफायतीपन, अङ्कन वा मापन सरलता तथा विश्लेषणात्मकता सुगमता जस्ता गुणहरुको सामूहिक नाम हो (पौडेल, २०७० : ४३) । समस्याको खोजी गरी निराकरणका उपायहरू पहिल्याउनु पर्छ । यसका लागि प्रश्न, परीक्षक, सञ्चालक, सङ्कलकको तालमेल हुनुपर्छ । परीक्षणका लागि आवश्यक हुने साधन, सामग्रीहरूको व्यवस्था गर्नुपर्छ । समय, परीक्षण, अङ्कन, विश्लेषणको समेत समुचित व्यवस्थापनले भाषिक परीक्षणमा परीक्षण गुणसम्बद्ध व्यावहारिकता हो । परीक्षण कार्य सञ्चालनमा सरल, सहज, समय सापेक्ष, अङ्कन मापनमा सरलता र विश्लेषणात्मक सहजता हुनु व्यावहारिकता हो । परीक्षण त्रासमय नबनी रुचीपूर्ण हुनसक्नुपर्छ । पृष्ठपोषक बन्नुपर्छ । भाषिक परीक्षण प्रयोगात्मक क्रियाकलापमा बढी केन्द्रित हुने भएकाले अझ व्यावहारिकता अवलम्बन गरिनु अनिवार्य र अति आवश्यक हुन्छ ।

### *विभेदकारिता*

शिक्षण सिकाइका सन्दर्भमा विद्यार्थीहरुको भाषिक क्षमता, स्तर, सिकाइ उपलब्धिका आधारमा छुट्याउनु विभेदकारिता हो । विभेदकारिता भनेको विभिन्न क्षमता स्तर र उपलब्धि स्तर भएका परीक्षर्थी छुट्याउन सक्ने गुण हो (पौडेल, २०७० : ४४) । विद्यार्थीमा व्यक्तिगत भिन्नता हुन्छ । बौद्धिक, सांवेगिक, तार्किक, संज्ञानात्मक, व्यावसायिक, मौलिक, सिर्जनशील स्तर फरक फरक हुने भएकाले परीक्षणका क्रममा ती विभेदका आधारलाई लिनुपर्दछ । उच्च, मध्यम, निम्न, अतिनिम्न स्तरका विद्यार्थीहरूको पहिचान विभेदकारितामा पर्दछ । यसबाट विद्यार्थीको शैक्षिक स्तर प्राप्त हुन गई सोही अनुरूपको शिक्षण सिकाइ गतिविधि संचालन गर्न मद्दत पुग्दछ । भाषिक परीक्षणमा पनि विद्यार्थीहरूको प्रकृति अनुसार संचालन गर्न सहयोग पुग्दछ ।

## प्राप्ति/निष्कर्ष

शिक्षण सिकाइ पश्चातको परीक्षण प्रभावकारी हुनुपर्दछ । परीक्षण उद्देश्य परिपूर्तीको मापनको आधार हो । उद्देश्यपरक परीक्षणका लागि यसमा गुणयुक्तता हुनु आवश्यक छ । असल वैज्ञानिक परीक्षणमा वैधता, विश्वसनीयता, व्यावहारिकता र विभेदकारिता जस्ता गुण हुनुपर्दछ । भाषा शिक्षण सिकाइको परीक्षणमा आधिकारिक रुपले उपयुक्तताका साथ गरिने परीक्षण वैध हुन्छ । जतिसुकै जुनसुकै रुपले परीक्षण गरेपनि परीक्षणमा एकरुपता हुनु परीक्षणीय विश्वसनीयता हो भने परीक्षणमा सैद्धान्तिकता भन्दा व्यावहारिकताले भरिपूर्ण

हुनुपर्छ । उमेर तह स्तर अनुसारको सिकाइ हुने भएकाले सोही अनुरुपको शिषण सिकाइ र परीक्षण गरिनु परीक्षणमा विभेदकारिता हो । भाषिक परीक्षणमा वैधता, विश्वसनीयता, व्यावहारिकता र विभेदकारिता आवश्यक पक्ष हुन् । परीक्षणमा आन्तरिक र वाह्य विधानका कुराहरु वैधतामा पर्दछन् । वैधता ः आकृतिगत, विषयगत, समवर्ती, रचनात्मक, अनुमानात्मक, मानदण्डात्मक प्रकृतिको हुन्छ । विश्वसनीयता पनि परीक्षकप्रतिको विश्वसनीयता एवम् परीक्षणप्रतिको विश्वसनीयता हुनेगर्दछ । भाषिक परीक्षण समय सापेक्ष किफायति मापनमा सरलता तथा विश्लेषणात्मक सुगमताको सामुहिक रुप व्यावहारिकता हो । भाषिक परीक्षण प्रयोगात्मकतामा बढी केन्द्रित हुने भएकाले यसमा व्यावहारिकता अनिवार्य मानिन्छ । परीक्षार्थीमा रहेको वैयक्तिक भिन्नताका आधारमा हुनेगरेको परीक्षण विभेदकारिताको परीक्षण हो । यसबाट परीक्षार्थीको क्षमता, स्तर, उपलब्धि छुट्याउन सकिन्छ । उच्च मध्यम सामान्य निम्न अतिनिम्न स्तरका विद्यार्थीको क्षमता देखापर्नु विभेदकारिता हो । विभेदकारिताका आधारमा विद्यार्थीको पहिचान गरी सोही अनुरुपको शैक्षणिक एवम् प्रशासनिक योजना निर्माणमा सघाउ पुग्दछ । सफल परीक्षणमा उपर्युक्त गुणहरु हुनु अत्यावश्यक छ ।

## सन्दर्भसामग्री सूची

अधिकारी, हेमाङ्गराज र अन्य (२०५५), नेपाली भाषाशिक्षण (प्राथमिक शिक्षकस्वाध्ययन सामग्री), भक्तपुर ः शैक्षिक जनशक्ति विकास केन्द्र ।

अन्डरहिल,निक (सन्१९९२),टेस्टिङ स्पोकेन ल्याङ्ग्वेज, क्याम्ब्रिज ः क्याम्ब्रिज युनिभर्सिटी प्रेस ।

एडर्सन, जे. चार्ल्स एण्ड अदर्स (सन् १९८७), रिभ्यु अफ इङ्लिस ल्याङ्ग्वेज प्रोफिसेन्सी टेस्ट्स, वासिङ्टन डी. सी. ः टेसोल ।

एडर्सन, जे. चार्ल्स एण्ड अदर्स (सन् १९९५), ल्याङ्ग्वेज टेस्ट कस्ट्रक्सन एण्ड इभ्यालुएसन, क्याम्ब्रिज ः क्याम्ब्रिन युनिभर्सिटी प्रेस ।

काज्क्लर डब्ल्यु एण्ड आर. एडेल्मन (सन् २०००), द प्रेक्टिस अफ फरेन ल्याङ्ग्वेज टिचिङ, लन्डन ः डेभिड फस्टन ।

गुप्त, रमेशचन्द्र (सन्१९७४), शिक्षामे मापन और मूल्याङ्कन, आगरा ः लक्ष्मीनारायण अग्रवाल पुस्तक प्रकाशन ।

जोशी, राधाकृष्ण (२०५८), मूल्याङ्कन प्रविधि, भक्तपुर ः शैक्षिक जनशक्ति विकासकेन्द्र ।

पौडेल, माधवप्रसाद (२०७०), भाषिक परीक्षण, काठमाडौं ः विद्यार्थी प्रकाशन प्रा. लि. ।

शर्मा, केदारप्रसाद र माधवप्रसाद पौडेल (२०६८), नेपाली भाषाशिक्षणका सन्दर्भहरु काठमाडौं ः विद्यार्थी पुस्तक भण्डार ।